बागमती प्रदेश सरकार

# श्रम, रोजगार तथा यातायात मन्त्रालय

हेटौंडा, नेपाल

## सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०७।०२)

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १९१ को उपदफा ३ ले "सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन गर्न, सवारीको पार्टपुर्जा आयात गरी एसेम्बल गरी सवारी उत्पादन गर्ने कारखाना सञ्चालन गर्न, सवारी साधन उत्पादन गर्ने उद्योग वा चार्जिङ स्टेसन सञ्चालन गर्न वा ट्रकको बडी निर्माण गर्ने कारखाना वा अटोमोबाइल वर्कसप सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले मन्त्रालयलबाट अनुमति लिनु पर्नेछ।" भन्ने व्यवस्था गरे अनुसार उल्लेखित कार्य गर्ने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थाले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र यस मन्त्रालयबाट अनुमति प्राप्त गर्न तोकिए बमोजिम शुल्क/दस्तुर बुझाई नजिकको यातायात व्यवस्था कार्यालय/यातायात व्यवस्था सेवा कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

(१) सवारी चालक प्रशिक्षण केन्द्र दर्ता गर्न सवारी चालक प्रशिक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ को दफा ४ बमोजिमको कागजात पुरा गरि सोही निर्देशिकाको दफा ३ बमोजिमको वर्गीकरण र दफा १० बमोजिमको भौतिक पूर्वाधार तथा मानवीय संसाधन मापदण्ड पुरा भएको हुनुपर्नेछ, तर वर्ग "क" (A)-मोटरसाइकल/स्कुटर/मोपेड र वर्ग "ख" (B)-कार/जिप/डेलिभरि भ्यानको सवारी चालक प्रशिक्षण केन्द्रको मापदण्ड सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ बमोजिम हुनुपर्नेछ।

(२) कारखाना तथा वर्कसप दर्ता गर्न कारखाना तथा वर्कसप सञ्चालन निर्देशिका, २०७४ को दफा ३ बमोजिमको वर्गीकरण अनुसारका कारखाना तथा वर्कसपले सोही निर्देशिकाको दफा ४ बमोजिमको कागजात पुरा गरि निवेदन दिनु पर्नेछ।

(३) विद्युतीय सवारीको चार्जिङ स्टेसन दर्ता गर्न देहाय बमोजिमको कागजात सहित निवेदन दिनु पर्नेछ।

(क) सञ्चालकहरूको निवेदन तथा निवेदकहरूको नागरिकताको प्रतिलिपि।

(ख) कम्पनी दर्ता गरेको हकमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रतिलिपि र प्रमाणपत्र वा उद्योग दर्ताको प्रमाणपत्र वा साझेदारी वा निजी ऐन अन्तर्गत दर्ता भए उद्योग दर्ता प्रमाण पत्र।

(ग) स्थायी लेखा नम्बर / मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि।

(घ) म.न.पा./ उ.म.न.पा./ न.पा. र गा.पा.को सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

(ङ) प्राविधिक प्रतिवेदन।

(च) प्रयोग हुने जमिनको लालपुर्जा वा भाडा वा घर बहाल सम्बन्धी सम्झौताको प्रतिलिपि

(छ) विद्युत प्राधिकरणबाट विद्युत जडान स्वीकृतिको अनुमति लिएको प्रमाणपत्रको प्रतिलिपि।

(४) प्रदेश आर्थिक ऐन, २०८० बमोजिम प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप सञ्चालन गर्ने अनुमतिपत्र दस्तुर र नवीकरण दस्तुरः निम्नानुसार तोकिएको हुँदा सोही अनुसार बुझाउनु पर्नेछ।

| सि.नं. | पूँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १ | २ लाख रुपैयाँ भन्दा कमको लागि | १०००/- |
| २ | २ लाख रुपैयाँ भन्दा बढी ५ लाख रुपैयाँ सम्मको लागि | १५००/- |
| ३ | ५ लाख रुपैयाँ भन्दा बढी १० लाख रुपैयाँ सम्मको लागि | २५००/- |
| ४ | १० लाख रुपैयाँ भन्दा जतिसुकै बढी भएपनि | ५०००/- |

**उल्लेखित दस्तुरहरु जम्मा गर्ने खाताको विवरण यस प्रकार छ।**

**खाता नम्बरः** १०००१००२०००१००००

**राजश्व शीर्षकः** अन्य प्रशासनिक सेवा शुल्क (१४२२९)

**खाता रहेको बैंकः** राष्ट्रिय वाणिज्य बैंक, हेटौंडा

**कार्यालय कोडः** ३७१००३२०१३, श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश, हेटौंडा

**पुनश्चः** यो अवधिमा अनुमतिको लागि निवेदन दर्ता नगर्ने व्यक्ति, फर्म, कम्पनी, सहकारी वा संस्थालाई प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा १९४ को उपदफा २ को "ग" बमोजिमको दण्ड सजाय हुनेछ।



